# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
**Dipayal Silgadhi Municipality**
**Office of Municipal Executive, Doti**

☎- ४२००१०
- ४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun
web-site :dipayalsilgadhimun.gc


प.सं. :- ०७९/०८०
च.नं. :- १२१३

दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिलगढी, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**सिलगढी**(Silgadhi)
**सुदूरपश्चिम प्रदेश, नेपाल**
मिति : २०७९/१०/२३

बिषय: निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

श्री दि.सि.न.पा. अर्न्तगत स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिएका सम्पुर्ण उम्मेदवारहरु

प्रस्तुत विषयमा नेपाल नगरपालिका संघको च.नं.०७९/८०-२३१ मिति २०७९/१०/१९ को पत्रानुसार मिति २०७९/०१/३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानून बमोजिम बुझाउनु पर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कार्वाही गर्ने सम्बन्धमा निर्वाचन आयोग नेपालले जरिवाना तोकेको तथा उक्त जरिवाना २०७९ साल फाल्गुण मसान्त सम्म नबुझाएमा २०७९ साल चैत्र १ गते बाट निर्वाचित पद समेत खारेज हुने निर्णय समेत भएकोले उक्त जरिवाना रकम मिनाहाका लागि नेपाल नगरपालिका संघले सम्माननीय राष्ट्रपती समक्ष कारवाहीमा परेका सम्पुर्ण उम्मेदवाहरुबाट आफुलाई तोकिएका जरिवाना मिनाहाका लागी अनुरोध गर्ने भनी पत्राचार भएकोले उक्त पत्र बमोजिम मिति २०७९/१०/२५ गते भित्र जरिवाना तोकिएका सम्पुर्ण उम्मेदवारहरुले यसै साथ संलग्न रहेको निवेदनको ढाँचा बमोजिम विवरण भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्न हुन अनुरोध गरिन्छ

२०७९/१०/२३

*डिल बहादुर महरा*

*नि.प्रमुख प्रशासकिय अधिकृत*

**नि.प्रमुख प्रशासकीय अधिकृत**

मिति: २०७९।१०।१९

**सम्माननीय राष्ट्रपतिज्यू**

राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौ

## विषय: जरिवाना मिनाहा गराइपाउँ भन्ने सम्बन्धमा

उपरोक्त सम्बन्धमा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह अन्तर्गत यस महानगर/उप महानगर/नगरपालिका निर्वाचनमा तपसिलका हामी उम्मेदवारहरुले भूलवश तोकिएको समयसीमा भित्र निर्वाचनमा भएको खर्चको विवरण बुझाउन छुट हुन गएको व्यहोरा सविनय अनुरोध गर्दछौं।

सो विवरण नबुझाएको कारण निर्वाचन आयोग, नेपालले हामी उम्मेदवारलाई कारवाही स्वरुप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिवाना गर्ने निर्णय गरेको र सो निर्णय अनुसार चर्को र अव्यवहारिक जरिवाना बुझाउन विशेष गरि महिला, दलित, अल्पसंख्यक र विपन्न वर्ग असमर्थ रहेका हुँदा सयौं जनप्रतिनिधिहरुको पद नै गुम्न जाने परिस्थितीले संविधानको समावेशी लोकतन्त्रको जगनै धरासायी हुने र आगामी ६ वर्षसम्म उम्मेदवार हुन नपाउने कठोर निर्णयबाट नागरिकको मौलिक हकको समेत हनन् हुने तथ्यलाई मनन गर्दै नेपालको आर्थिक, सामाजिक, भौगोलिक, राजनीतिक र शैक्षिक परिवेशलाई दृष्टिगत गरि व्यवहारिक एवं परिस्थितिजन्य समस्याको समाधान गर्न एक पटकको लागि बिभिन्न कारणले निर्वाचन खर्चको विवरण बुझाउन नसकेका हामी तपसिलका उल्लिखित उम्मेदवारलाई तोकिएको जरिवाना मिनाहा हुने प्रवन्धको लागि सम्माननीय राष्ट्रिपतिज्यूसमक्ष सादर निवेदन गर्दछौं।

प्रदेश: ............ जिल्ला ....................महानगर/उप महानगर/नगरपालिका ...............................

बोधार्थ:

१. सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
२. माननीय गृह मन्त्रीज्यू, गृह मन्त्रालय
३. नेपाल नगरपालिका संघ

## निवेदकको विवरण

| क्र.सं. | जरिवाना तोकिएको उम्मेदवारको नाम, थर | उम्मेदवार भएको पद | आयोगबाट तोकिएको जरिवाना रकम रु | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |
| 5. | | | | | |
| 6. | | | | | |